# सामुदायिक उद्यान दर्ता फाराम

क ृपया रजिष्ट्रेशन फारामको सबै खण्डहरू भर्नुहोस्। उद्यानका लागि प्लट आरक्षित गर्न हक त्याग पत्र (वेभर) मा हस्ताक्षर गर्नुपर्छ र उद्यान सम्बन्धी निर्देशिकामा सहमत हुनैपर्छ। फाराम भरिसकेपछि, कृपया भरेको फारामलाई भुक्तानी सहित (यदि चेकबाट भुक्तानी हुँदैछ भने) निम्न ठेगानामा पठाउनुहोस्:

City of Beaverton
Community Gardens
PO Box 4755
Beaverton  OR 97076

यदि कुनै पनि प्रश्नहरू छन् भने कृपया सिटी अफ बिभर्टन कम्युनिटी गार्डेन प्रोग्राम (City of Beaverton Community Garden Program) को 503-526-2665 मा फोन गरेर वा gardenmail@BeavertonOregon.gov मा इमेल पठाएर सम्पर्क गर्नुहोस्।

## सम्पर्क जानकारी

**नाम:** ______________________________

**ठेगाना:** ______________________________

**शहर:** ____________ **राज्य:** ________ **जिप:** ________

**फोन:** ____________ **वैकल्पिक फोन:** ____________

**इमेल:** ______________________________

## उद्यानका लागि प्लटको चयन

नोट: तपाईंले एउटा मात्र प्लट आरक्षित गर्न सक्नुहुन्छ

### कृपया कुनै एक चयन गर्नुहोस्

___ मेरो हालको प्लटलाई नवीकरण गर्न चाहन्छु

___ म निश्चित प्लट अनुरोध गर्छु # ______________ (उदाहरण C-R20)

___ एउटा नयाँ प्लट आरक्षित गर्न चाहन्छु

**यदि नयाँ प्लट आरक्षित गर्दै हुनुहुन्छ भने कृपया आफूलाई ठीक लाग्ने उद्यानको स्थान र प्लटको प्रकारमा चिन्ह लगाउनुहोस्। यदि तपाईंको कुनै प्राथमिकता छैन भने कृपया खाली छोड्नुहोस्।**

(क्रमशः)

**स्थान:**

___ सामुदायिक केन्द्र उद्यान (Community Center Gardens) (5औं र Hall)

___ केनेडी उद्यान (Kennedy Gardens) (103औं र Kennedy)

___ वेल्च-सेन्टीनिअल उद्यान (Welch-Centennial Gardens) (10औं र Erickson)

**प्लटको प्रकार:**

___ 20’ X 20’ को प्लट ($50)

___ 4’ X 8’ को उठेको बिस्तरा आकारको प्लट – सामुदायिक केन्द्र र वेल्च मात्र ($15)

उद्यानको नक्सा www.BeavertonOregon.gov/gardens मा उपलब्ध छ

## भुक्तानी

भुक्तानी क्रेडिट कार्ड वा चेकबाट गर्न सकिनेछ।

क्रेडिट कार्डबाट भुक्तानी गर्न, कृपया कार्यालय खुल्ला रहने समयमा कार्यालयलाई 503-526-2665 मा फोन गर्नुहोस्।

चेकबाट भुक्तानी गर्न, “City of Beaverton” को नाममा चेक लेखी तलको ठेगानामा पठाउनुहोस्:

City of Beaverton
Community Gardens
PO Box 4755
Beaverton OR 97076

## उद्यान सम्बन्धी निर्देशिका

____ मैले बिभर्टन सामुदायिक उद्यान सम्बन्धी निर्देशिका (Beaverton Community Garden Guidelines) पढेको र बुझेको छु र यसको पालना नगर्दा मैले पैसा पनि फिर्ता नपाइकन तत्काल आफ्नो प्लट गुमाउन सक्ने हुँदा निर्देशिकाहरूको पालना गर्न म सहमत छु।

## उद्यानसम्बन्धी हकदाबीको अधित्याग

म १८ बर्ष वा सोभन्दा बढी उमेरको व्यक्ति हुँ र शारीरिक रुपमा स्वस्थ्य छु एवं आफ्ना शारीरिक सीमाहरुका बारेमा अवगत छु भन्ने निवेदन गर्दछु । सन्त मत्ती लुथेरन गिर्जाघर (St. Matthew Lutheran Church ) को स्वामित्व तथा विएभर्टन शहर भाडावाल रहेको केनेडी सामूदायिक उद्यान (Kennedy Community Garden ) नामक सम्पत्तिमा बगैचा प्रयोजनका हेतु छुट्टाइएको खाली स्थानमा चालू ऋतुकालका दौरान भोगचलन गर्न अनुमति दिनु हुन अनुरोध गर्दछु । यसका अलावा, वेल्च सतबार्षिकी सामूदायिक बगैचा वा सामूदायिक केन्द्र उद्यान (Welch Centennial Community Gardens or Community Center Gardens ) मा छुट्टाइएको खाली स्थानमा समेत भोगचलन गर्ने अनुमति प्रदान गर्नु हुन अनुरोध गर्दछु । वागवानीका हकमा शारीरिक थकान, भू-भाग, सुर्यसँग प्रत्यक्ष हुनुपर्ने तापक्रम, परागकण लगायतका एलर्जी पैदा गर्ने वस्तुहरु, कीरा तथा मुसा जातका विभिन्न जनावर हरुको जोखिम वा यान्त्रिक उपकरणहरु चलाइरहेका व्यक्तिसन्मूख रहनुपर्ने वा रासायनिक पदार्थहरु प्रयोग गर्दा हुनसक्ने जोखिम तथा उल्लेखित बाहेकका तत्सम्बन्धित अन्य जोखिमका वारेमा म अवगत छु र उक्त जोखिमहरु उठाउन सक्छु भन्ने अनुरोध गर्दछु ।

उल्लेखित जोखिमका बारेमा पूर्ण अवगत रहदै, उक्त शहर र सेन्ट म्याथ्यु लुथरन चर्चको सम्पत्ति भोगचलन गर्न अनुमति दिएवापत म स्वयं, मेरा उत्तराधिकारी, मेरो अधिकृत वारेसनामाप्राप्त व्यक्ति वा सम्भावित वारेसले म स्वयं वा मेरो अनुमतिमा प्रवेश गर्ने व्यक्तिका कारण र सामूदायिक उद्यानको सम्पत्ति भोगचलन गर्दा कुनै प्र्रकारको शारीरिक चोटपटक वा मेरो सम्पत्तिमा कुनै प्रकारको क्षति हुन पुगे बापत उक्त शहर तथा सेन्ट म्याथ्यु लुथरन चर्च तथा उनीहरुका एजेन्ट र कर्मचारी समेतका विरुद्ध गर्न सकिने परिपुरणको दाबी जस्ता कुनै पनि वा सबै प्रकारको हकदावी वा कानुनी कार्यवाही वा मुद्धा दायर नगर्ने -नगराउने कुरा स्वीकार गर्दै हकदावी अधित्याग गरेको छु ।

नाम (Printed Name): ______________________________

हस्ताक्षर (Signature): ______________________________

मिति (Date): ______________

**बगैंचाको स्याहार**

१. सामुदायिक बगैंचा भनेको सार्वजनिक स्थान हो। यसैले यसलाई बर्षदिन भरि नै, जाडो याममा समेत, सफा सुघ्घर बनाई राख्नु पर्दछ। सबै बगैंचेले आफ्नो बगैंचामा काम गरिरहेको देखिने अपेक्षा गरिन्छ, जसले मौसम अनुसार बसन्त ऋतुको गोडमेल र बिरुवा देखियोस् । यसैगरी ग्रिष्म, शरद र जाडो ऋतु अनुसारको बालीनाली, सरसफाई र गोडमेल देखियोस् ।

२. बगैंचाको उत्पादन व्यक्तिगत उपभोग वा दान दिनको लागि हो, कुनै ब्यापारिक प्रयोजनको लागि हैन र यो कानुन सम्मत हुनु पर्दछ । सागसब्झी, जडीबुटी, फूल, साना फलफूल, बोट बिरुवा घरमा उपभोगको लागि वा उपहारको लागि उपयुक्त हुन्छ । ठूल्ठूला संरचनाहरू, रूखहरू वा गैर-बिरूवा वस्तुहरूको अनुमति दिइँदैन□

३. काठ वा फलामको अस्थायी बार लगाउन पाईन्छ, तर त्यसले अरुको मार्ग र ठाउँ छेक्न,सामुदायिक जग्गा, छिमेकीकोको प्लट मिच्न हुंदैन। छिमेकीकोको हित बारे बिचार गर्ने गर्नुहो□ □ बार या बाली लगाउँदा अरुलाई छेकिन्छ कि भन्ने बारे बिचार पुऱ्याउनुहोस् । प्लट खाली हुने बित्तिकै यस्ता सबै कुरा निकालीदिनुहोस्।

४. अर्ग्यानिक बगैँचालाई प्रोत्साहन गरिन्छ । हर्बिसाइड र/वा पेस्टिसाइडहरूको प्रयोग निषेधित छ , जबसम्म तिनलाई अर्ग्यानिक म्याटेरियल रिभ्यु इन्स्टिटच्युट(ओएमआरआइ)को उत्पादन सूचीमा सूचीकृत गरिएको हुँदैन। प्राकृतिक बगैंचाको व्यबस्था बारेको पुस्तिका र सहयोग निशुल्क उपलब्ध छ, थप जानकारीको लागि सामुदायिक बगैंचा कार्यक्रमलाई gardenmail@BeavertonOregon.gov मा वा 503-526-2665 मा सम्पर्क राख्नु होला ।

५. आफ्नो प्लटको तयारीको हरेक अवस्थाको खर्चको लागि बगैंचे आफै जिम्मेवार हुन्छ।

जसमा झारपात उखेल्ने, खनजोत गर्ने, र ड्याङ र भित्र हिँड्ने बाटो बनाउने, संगैको प्लट संग छुट्ट्याउने काम पर्दछ । सिटि अफिसले सामुदायिक बगैंचामा आएर प्लटको सीमानामा वा सार्वजनिक क्षेत्रमा घाँस काटि दिने, समय समयमा सबै कुरा हेरिदिने गर्दैन । बाटोमा कुनै बिरुवा उम्रेको वा झुलेको हुनु हुँदैन । सिटि अफिसले बगैंचाको लागि आवश्यक स्थान दिने, पानी, पानी छर्ने ट्युब जस्तो साधन, कम्पोस्ट (बर्षमा एक पटक) दिने गर्दछ । र त्यहाँ रहेको फोहरको थुप्रो हटाउने सेवा प्रदान गर्दछ ।

६. प्रत्येक बगैंचे आफ्नो बगैंचाको उत्पादनको लागि जिम्मेवार हुन्छ। अन-साइट कम्पोजिटिङ् (खाने कुराको रि-साईक्लिङ गरेको मल) को लागि प्रोत्साहित गरिन्छ, तर त्यो सामुदायिक बगैंचामा उत्पादित कम्पोजिटेवल(कम्पोजिट गर्न सकिने) कुरा मा मात्र सीमित हुनुपर्छ। बगैंचामा गार्वेज वा फोहर फाल्ने सेवा उपलब्ध छैन । आफ्नो प्लटमा फोहोर र रद्दि कुराको व्यवस्था गर्नु होला र फाल्नको लागि त्यसलाई आफ्नो घरमा लानु होला । बगैंचाको फोहर फाल्नको लागि मध्य ग्रिष्म देखि शरद ऋतुको उत्पादन घर भित्र हुल्ने समय सम्मको अवधिमा रोल-कार्ट(तीन पाङ्ग्रे) उपलव्ध हुन्छ । यस्ता तीन पाङ्ग्रे कृपया बगैंचाको फाल्तु कुरा फाल्नको लागि (फ्लास्टिक र फोहर फाल्नको लागि हैन) र सामुदायिक बगैंचाको उत्पादनको लागि मात्र प्रयोग गर्नु होला ।

७. पानी हाल्दाखेरि बगैंचे बगैंचामा उपस्थित हुनुपर्छ । छिमेकिको बिचार गर्नुहोला र आफ्नै प्लटमा मात्र पानी लगाउनु होला। अरुको प्लटमा, बाटोमा पानी जम्न नदिनु होला । जहिले सकिन्छ मल्चको प्रयोग गरेर, हातले पानी दिएर सम्भव भएसम्म बिहान १० बजे अगाडि वा बेलुकि ६ बजे पछि पानी दिएर पानी बचाउनु होला । बगैंचामा पानी अप्रिल १ तारिख देखि शुरु भई अक्टोवर ३१ मा बन्द हुन्छ ।

८. प्लटहरु हस्तान्तरण हुँदैनन् । बगैंचेहरु आँफैले अफिस संगको आ-आफ्नो ठेगाना र फोन नम्बर अध्यावधिक गर्नको लागि जिम्मेवार हुने छन् । कुनै कारणवस आफ्नो स्थान छोड्नुपर्ने भएमा सामुदायिक बगैंचा

कार्यक्रमलाईgardenmail@BeavertonOregon.gov मा वा 503-526-2665 मा सम्पर्क राख्नु होला ।

९. २०१३ सालको सेप्टेम्बर १ तारिख देखि सिटिको स्वामित्व भएको वा लिजमा दिईएको सम्पत्तिमा एवम् सिटिले प्रायोजन गरेको कुनै स्थान वा कार्यक्रममा सुर्तिको प्रयोग निषेध गरिएको छ। सबैको सुरक्षित, स्वस्थ्य र स्वागतयोग्य वातावरणको लागि सबै बिभर्टन सामुदायिक बगैंचाहरुमा सुर्तिको प्रयोग निषेध गरिएको छ ।

१०. बगैंचेहरुले कार्यक्रम निर्देशिकाको पालना गर्ने अपेक्षा गरिन्छ। बगैंचाका व्यवस्थापकहरु र कर्मचारीहरुले बर्ष दिन भरि नै प्लटको नियमित निरिक्षण गर्नेछन् । कुनै बगैंचेले नियमको पालना नगरेको पाईएको खण्डमा त्यस्ता कारण सहित उनीहरूलाई निश्चित समयावधि भित्र त्यसको समाधानार्थ पत्र दिईनेछ। कुनै बगैंचेले यस्तो पत्र बर्षमा ३ पटक पायो भने उसले प्लट खाली गरी दिनु पर्दछ। त्यस्तो प्लट अन्य कसैलाई दिइनेछ र दर्ता शुल्क जफत गरिनेछ ।